# प्रतापपुर गाउँपालिका

## बेलाटारी, नवलपरासी(ब.सु.प.)

### "२० बर्ष पुगेको छोरी विवाह प्रोत्साहन कार्यविधि २०८२"

गाउँकार्यपालिकाबाट स्वीकृत मितिः २०८२/०४/११

प्रस्तावनाः

कानुनले २० बर्ष भन्दा कम उमेरको विवाहलाई निषेध गरेको तथा नेपाल सरकारले सन् २०३० सम्ममा बाल विवाह अन्त्य गर्ने प्रतिवद्धता सहित राष्ट्रिय रणनीति समेत निर्माण गरेको हुनाले २० बर्ष पुरा भए पश्चात आफ्नो छोरीको विवाह गर्ने आमा बुवा वा निजको अभिभावक वा निजको छोरीलाई प्रोत्साहन रकम वितरण गर्ने, तथा यस पालिकाको आ.ब.२०८२/०८३ को लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण निति अन्तरगत उमेर पुगेका छोरीको विवाह हुदा सहुलियत स्वरुप आर्थिक सहयोग प्रदान गरिने छ भनि नीतिगत व्यवस्था समेत उल्लेख भएको हुदा उक्त नीतिगत व्यवस्थालाई कार्यन्वयन गर्ने उद्देश्यले यो कार्यविधि निर्माण गर्न वाच्छनीय भएकोले स्थानिय सरकार संचालन ऐन २०७४ को परिच्छेद ३ दफा ११ को (च) को अधिकार प्रयोग गरी प्रतापपुर गाउँपालिकाले यो कार्यविधी निर्माण गरेको छ । यो कार्यविधि प्रतापपुर गाउँपालिकाको राजपत्रमा प्रकाशित भए पश्चात तुरन्त लागु हुनेछ ।

१. सक्षिप्त नाम र प्रारम्भः **२० बर्ष पुगेको छोरी विवाह प्रोत्साहन कार्यविधि-२०८२**

२. **परिभाषा**

(क) “ऐन भन्नाले" प्रतापपुर गाउँपालिकाको प्रशासकीय कार्यविधि नियमित गर्ने ऐन-२०७७ लाई बुझ्नु पर्दछ ।

(ख) "कार्यपालिका भन्नाले" प्रतापपुर गाउँपालिकाको गाउँ कार्यपालिका बुझ्नु पर्दछ ।

(ग) "प्रोत्साहन रकम भन्नाले २० बर्ष उमेर पुरा भए पश्चात विवाह हुने छोरीलाई दिईन प्रोत्साहन रकम सम्झनु पर्दछ ।

(घ) "विवाह भन्नाले" प्रतापपुर गाउँपालिका भित्र बसोवास गर्ने मानिसहरुले आफ्ना छोरीलाई आफ्नो कुल धर्म अनुसार हुने विवाह सम्झनु पर्दछ ।

उमेश चन्द्र यादव
अध्यक्ष

(ङ) "प्रतापुर गाउँपालिका" भन्नाले प्रतापपुर गाउँपालिका नवलपरासी. (ब.सु.प.) लाई बुझ्नु पर्दछ ।

(च) "छोरी भन्नाले "प्रतापपुर गाउँपालिकामा बसोबास गर्ने आमा बुवाको सन्तानको रुपमा छोरीको लिंग भएर जन्मिने सन्तान बुझ्नु पर्दछ ।

३. उद्देश्यहरुः

(क) बाल विवाहको रोकथाम तथा न्युनिकरण गर्ने ।

(ख) कम उमेरमा विवाह तथा जबरजस्ती विवाहलाई रोकथाम तथा न्यूनीकरण गर्ने ।

(ग) बाल विवाह तथा कम उमेरमा विवाह पश्चात उत्पन्न आर्थिक समाजिक शारिरीक मानसिक समस्याहरुको समाधान तथा रोकथाम गर्ने ।

४. आवश्यक कागजातहरुः

(क) निवेदन अनुसूची-१ बमोजिम

(ख) २० वर्ष उमेर पुरा भए पश्चात विवाह भएको भनि सम्बन्धित वडाको सिफारिस पत्र।

(ग) दुलहा र दुलही दुबै जनाको उमेर पुगेको प्रमाण पत्रको प्रतिलिपि ।

(घ) दुलहा विदेशी भएमा निजको जन्मप्रमाण पत्रको प्रमाणित प्रतिलिपि ।

(ङ) सम्भव भए सम्म विवाहमा छपाईएको विवाह कार्डको १ थान सक्कल विवाह कार्ड ।

(च) अभिभावकको बैंक खाता नं. (नेपाल सरकारबाट मान्यता प्राप्त (क) वा (ख) वर्गको बैंक) ।

(छ) सम्भव भए सम्म विवाह भएको अवस्थाको फोटो/तस्विर ।

५. प्रदान गरिने प्रोत्साहन रकमः रु. २१०००।- (अक्षरेपी रु. एक्काईस हजार मात्र)

यो कार्यविधि बमोजिमको प्रोत्साहन रकम आ.ब.२०८२।८३ देखि २० वर्ष पुरा भए पश्चात आफ्नो छोरीको विवाह गर्ने आमा बुवाको हकमा मात्र लागु हुनेछ ।

उगेश चन्द्र यादव
अध्यक्ष

प्रतापपुर गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
बेलाटारी, नवलपरासी (ब.सु.प.)
लुम्बिनी प्रदेश, नेपाल

अनुनुची-१

## २० बर्ष पुगेको छोरी विवाह प्रोत्साहन कार्यविधि-२०८२

मितिः-

श्री प्रतापपुर गाउँपालिका,
कार्यपालिकाको कार्यालय बेलाटारी,
नवलपरासी(ब.सु.प.) ।

विषयः- २० वर्ष पुगेकी छोरी विवाह प्रोत्साहन रकम सम्बन्धमा ।

महोदय,

प्रस्तुत विषयमा यस प्रतापपुर गाउँपालिका वडा नं. .... टोल ......................बस्ने ......................................... "२० बर्ष पुगेको छोरी विवाह प्रोत्साहन कार्यविधि २०८२" को दफा ४ मा उल्लेख भएको आवश्यक कागजात सहित तपसिल बोजिमको विवरण साथ अनुदान रकम प्राप्त गर्नका लागि देहायको विवरण सहित यो निवेदन पेस गरेको छु ।

मैले पेस गरेको विवरण ठीक साचो हो झुठा ठहरे कानुन बमोजिम सहुला/ बुझाउला भनी सहिछाप गर्ने कन्याको आमा/बुवा श्री ...................................................... ।

| दायाँ | बायाँ |
|---|---|
| | |

कन्याको दस्तखतः-

| दायाँ | बायाँ |
|---|---|
| | |

**तपसिल**

**आवश्यक कागजातहरु:**

१. निवेदन अनुसूची-१ बमोजिम
२. २० वर्ष उमेर पुरा भए पश्चात् विवाह भएको भनी सम्बन्धित वडाको सिफारिस पत्र।
३. दुलहा र दुलही दुवै जनाको उमेर पुगेको प्रमाण पत्रको प्रतिलिपि ।
४. दुलहा विदेशी भएमा निजको जन्म प्रमाण पत्रको प्रमाणित प्रतिलिपि ।
५. सम्भव भए सम्म विवाहमा छपाइएको विवाह कार्डको १ थान सक्कल विवाह कार्ड ।
६. अभिभावकको बैङ्क खाता नं. (नेपाल सरकारबाट मान्यता प्राप्त (क) वा (ख) वर्गको बैङ्क) ।
७. सम्भव भए सम्म विवाह भएको अवस्थाको तस्बिर ।

उमेश चन्द्र यादव
अध्यक्ष